५१औं बैठक

आज मिति २०७६।१२।२६ गते बुधबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको कार्यालय पाँडुडाडामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री शालिकराम फुयाल | सदस्य सचिव | |

<u>निर्णय नं.(१)</u> हिमालयन केयर ह्याण्डस् ठमेल, काठमाडौंले बैतेश्वर गाउँपालिका वडा नं. ५ (साविक काब्रे ३) मा भएको जग्गा तथा जग्गामा बनेको घर समेत बैतेश्वर गाउँपालिकाको नाममा हस्तान्तरण भै आएकोमा, विगतमा हिमालयन केयर ह्याण्डस र हिमाली स्वास्थ्य सहकारीले आफ्नो आफ्नो नाममा

खरिद गरि दाखिला गरेका सामानहरुको विवरण तयार गरि ७ सात दिन भित्र प्रतिवेदन पेश गर्ने निम्न अनुसार को समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

१. माधव बहादुर बस्नेत - वडा अध्यक्ष वडा नं. ८ संयोजक
२. शमशेर थिसिङ - वडा अध्यक्ष वडा नं. ६ सदस्य
३. बाबुलाल लामा स्वास्थ्य शाखा प्रमुख सदस्य
४. युधिष्ठिर कोइरी प्राविधिक प्रमुख - सदस्य
५. नारायण प्रसाद दहाल सहायक पाँचौं - सदस्य

निर्णय नं. (२)

यस गाउँपालिकाको वडा नं. १ देखी वडा नं. ८ सम्म भएका मा. वि. हरुमा Covid-19 कोरोना भाइरसको संक्रमण बाट लाग्न सक्ने रोगबाट नागरिकहरुलाई सुरक्षित राख्न वडा स्तरमा तयार गरिएका क्वारेन्टाइन हरुमा वडा नं. ५ को जलदेवी मा. वि. मैनापोखरीमा तयार भएको १० बेडलाई थप गरि २० बीस बेडको क्वारेन्टाइन तयार गर्ने निर्णय गरियो।

निर्णय नं. (३)

यस गाउँपालिका स्थित तपसिलका खोलाहरुमा मो० पु० तथा ट्रष्ट पुलहरुको अति आवश्यक भएकोले आगामी आ. व. २०७७।२०७८ को लागी बजेट व्यवस्था हुन स्थानिय पूर्वाधार कार्यालय, मोलुङ्ग पुल शाखा, जावलाखेल ललितपुर मा अनुरोध गर्ने निर्णय गरियो।

तपसिल

१) खनियाचौर, खरिखवारा मो० पु० बैतेश्वर ६ र २
२) पुल्ही खोला मो० पु० बैतेश्वर ८ र गौरीशंकर १
३) पाँकुखोला - कैलेश्वर ट्रष्ट पुल - बैतेश्वर - २ - र १
४) हरिसिद्धि खोला ट्रष्ट पुल बैतेश्वर १ र २
५) तोरखोला ट्रष्ट पुल बैतेश्वर - ५ र ४
६) कागते खोला ट्रष्ट पुल बैतेश्वर - ४
७) खहरे खोला जोगिनीगौड ट्रष्ट पुल - बैतेश्वर - ४
८) ठुलो खोला चौरपुर ट्रष्ट पुल - बैतेश्वर - ४
९) ठुलो खोला ट्रष्ट पुल बैतेश्वर ७ र ८

निर्णय नं.(४) वैतेश्वर गाउँपालिका स्थित सामुदायिक विद्यालय, तपसिलका मा.वि. तथा आ.वि. हरुलाई शिक्षातर्फको शशर्त अनुदान रकम वार माग संकलन अनुसार प्राथमिकताको आधारमा तपसिल बमोजिम कार्यक्रम र अनुदान उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

१. सूचना तथा प्रविधि (ICT) जनज्योती मा.वि. वैतेश्वर-२
२. विज्ञान प्रयोगशाला कालीदेवी मा.वि. वैतेश्वर-३
३. शौचालय निर्माण भगवती मा.वि. वैतेश्वर-८
४. शौचालय निर्माण हनुमन्तेश्वर मा.वि. वैतेश्वर-४
५. पुस्तकालय स्थापना तथा व्यवस्थापन विष्णु मा.वि. वैतेश्वर-१
६. KITS अनुदान धर्मशाला आ.वि. वैतेश्वर-८